गाउँपालिकाका अध्यक्ष श्री भक्त सिंह ठेकरे बोहराले

गाउँ सभामा प्रस्तुत गर्नु भएको

अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

स्थानीय सरकार

अपिहिमाल गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८२

**अपिहिमाल गाउँपालिकाका अध्यक्ष श्री भक्तसिंह ठेकरे बोहराबाट गाउँसभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८२/२०८३ को नीति तथा कार्यक्रम**

**गाउँ सभाका सदस्यहरू,**

**यस गरिमामय गाउँ सभामा आमन्त्रित राजनितिक दलका प्रतिनिधिहरु नागरिक समाज बुद्धिजिबी उद्योगी व्यापारी पत्रकार राष्ट्रसेवक कर्मचारीहरु सुरक्षाकर्मी मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु ।**

अपिहिमाल गाउँपालिकाको अध्यक्षको रूपमा गाउँ सभाको बैठकलाई सम्बोधन गर्न पाउँदा गौरभाम्वित र खुशी लागेको छ ।

सर्वप्रथम, राष्ट्रहित, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अमूल्य जीवन उत्सर्ग गर्नु हुने प्रात: स्मरणीय महान् सहितदहरूप्रति श्रद्धा सुमन अर्पण गर्दछु । यस क्रममा भएका सबै आन्दोलन तथा संघर्षको नेतृत्व गर्नुहुने अग्रजप्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै, बेपत्ता परिवार, घाइते, अपाङ्ग तथा आन्दोलनमा अमूल्य योगदान गर्ने सम्पूर्ण दिदीबहिनी र दाजुभाईहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

**"सुन्दर, समृद्ध र विकसित अपिहिमाल"** निर्माण गर्ने लक्ष्यका साथ गाउँपालिकामा नीतिगत, कानुनी तथा संस्थागत आधार तयार भई गाउँपालिकाबाट सम्पादन गर्नुपर्ने कार्यले निरन्तरता पाएका छन । गाउँपालिकाले प्राप्त गरेका उपलब्धीलाई संस्थागत गर्दै संघीयताको मर्मअनुरूप नागरिकमा थप आशा र भरोसा पैदा गर्न, आर्थिक, सामाजिक रुपान्तरणको गतिशीलता बढाउन र भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न यो सरकार प्रतिवद्ध छ ।

हालसम्मका उपलब्धी र प्रतिवद्धतालाई केन्द्रमा राखि सुशासन प्रवर्द्धन गर्न र गाउँपालिकाको पूवाधार संरचनाको विकास गरी आर्थिक लक्ष्य हासिल गर्न सरकार कटिवद्ध छ । संघ, प्रदेश र गाउँपालिका बीचको सहकार्य, सहअस्तित्व र समन्वयलाई सुदृढ गर्दै गाउँपालिकाको विकास गर्नु सरकारको मूल ध्येय रहेको छ ।

नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारका सूचीको कार्यान्वयनका लागि सरकारले गरेका दीर्घकालिन महत्वका निर्णय, सोह्रौं योजना, सुदूरपश्चिम प्रदेशको अवधिक योजना, गाउँपालिकाको प्रथम आवधिक योजना एवम् दिगो विकास लक्ष्य, विकासशील राष्ट्रमा भएको स्तरोन्नतिलाई दिगो बनाउने रणनीति, राजनीतिक दलले जनतासमक्ष प्रस्तुत गरेका प्रतिवद्धतालाई आधार लिँदै गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममा निम्न विषयलाई जोड दिएको छ ।

(क) गाउँपालिकाको संरचनाको महत्व र आवश्यकतालाई केन्द्रमा राखि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई थप सुदृढ गर्ने ।

(ख) आन्तरिक राजस्वको दायरा विस्तार, वित्तीय सुशासन र विकासका लागि स्रोतको दरो व्यवस्थापन गर्न नीतिगत एवम् संस्थागत सुधार गर्ने ।

(ग) भौतिक पूर्वाधार, स्वास्थ्य, शिक्षा, कृषि, सूचना प्रविधि लगायत अन्य पूर्वाधार र नीतिगत संरचना निर्माणलाई उच्च प्राथमिकता दिई गाउँपालिकाको दिगो विकासमा जोड दिने ।

(घ) सार्वजनिक निजी सहकारी साझेदारी तथा निजी अवधारणामा परियोजना विकास र निर्माण गर्न संस्थागत एवम् नीतिगत सुधारमा जोड दिने ।

(ङ) गाउँपालिकाको समग्र पर्यटन विकासका लागि नीतिगत, संरचनागत, पर्यटकीय पूर्वाधार, विकास एवम् प्रवर्द्धन गर्दै राष्ट्रिय पूँजीको निर्माणमा योगदान गर्ने ।

**गाउँ सभाका सदस्यहरू,**

अब म गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**कृषि सहकारी तथा पशुपन्छी**

१. "**कृषिमा उत्पादकत्व वृद्धिः अपिहिमाल गाउँपालिकाको समृद्धि**" भन्ने नारालाई आत्मासात गरी आधारभूत कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा, खाद्य सम्प्रभुता तथा पोषणको सुनिश्चितता गरिनेछ । कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण तथा बजारीकरण मार्फत तुलनात्मक लाभ एवम् प्रतिसप्रर्धात्मक क्षमताका बाली बस्तुको उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्न प्रोत्साहन गरिनेछ । माटोको स्वच्छता तथा उत्पादकत्व वृद्धिका लागि प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाई प्राथमिकता दिइनेछ । प्राङ्गारिक खेती प्रणालीलाई प्रोत्साहन गरी प्राङ्गारिक खेती प्रवर्द्धन गरिनेछ ।

२. कृषियोग्य भूमिको संरक्षण, बाँझो जमिनको उपयोग, चक्लाबन्दी र करार खेतीलाई प्रवर्धन गरिनेछ । रैथाने बाली, बीउ, नस्ल र कृषि जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिइनेछ । कृषि उत्पादन, वितरण, भंण्डारण र उपभोग शैलीलाई पोषणको अभिन्न अङ्गको रूपमा अघि बढाइनेछ ।

३. बिउ बिजन उत्पादन र उत्पादकत्वमा वृद्धि गरी गाउँपालिकालाई बिउमा आत्मनिर्भर बनाइनेछ । गुणस्तरीय बिउको माध्यमबाट खाद्यान्नको उत्पादन वृद्धि गर्दै खाद्य र पोषण सुरक्षाको सुनिश्चितता गरिनेछ । गाउँपालिकालाई बीउबिजनमा आत्मनिर्भर बनाउन बीउ उत्पादन एवम् संकलनलाई विशेष अभियानको रुपमा अघि बढाइनेछ ।

४. "**मेरो मातृभूमीः मेरो दायित्व**" अभियान मार्फत विदेशबाट फर्केका यूवाहरूसँग रहेको पूँजी र सीपलाई कृषि व्यवसायमा आकर्षित गर्न बाँझो जमिनको उपयोग गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न सिंचाई, उन्नत प्रविधि र प्रविधिक सेवा सहित विशेष अनुदानको एकीकृत प्याकेज उपलब्ध गराउने कार्यक्रमको शुरूवात गरिनेछ । कृषिको उत्पादकत्व वृद्धिका लागि साना सिँचाई कार्यक्रम मार्फत सिंचित क्षेत्र विस्तार गरिनुका

साथै सिंचित क्षेत्रमा बाली विविधिकरणद्वारा बाली सघनता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

५. कृषि जैविक विविधता, कृषकको परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्द्धन गर्दै चिनो, कागुनो, कोदो, फापर, आलु जस्ता रैथाने बाली तथा स्थानीय बालीहरूको संरक्षण, सूचीकरण र प्रवर्द्धन गर्ने कार्य अगाडि बढाइनेछ । साना सिंचाई कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । सिंचाई र कृषिको पारस्परिक सम्बन्धलाई प्रभावकारी बनाई "**कृषकका गरा: सधै हराभरा**" भन्ने अभियानलाई कार्यान्वयनमा लैजान कृषिको एकीकृत योजना कार्यान्वयन गरिनेछ ।

६. स्थानीय सम्भाव्यता, भौगोलिक अवस्था तथा बजार सम्भाव्यताका आधारमा रैथानेबाली लगायतका कृषि तथा पशुपन्छीजन्य उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण प्रवर्द्धन गर्ने कार्यमा सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।

७. कृषकलाई व्यावसायिक, अर्ध व्यावसायिक, परम्परागत खेती पद्धतीको आधारमा पहिचान गरी प्रोत्साहन गर्नका लागि अध्ययन तथा पूर्व तयारीका कार्य अगाडि बढाइनेछ । कृषि तर्फका प्राविधिक धारका माध्यमिक तहका विद्यार्थीहरूलाई कृषि बागवानी कार्यक्रममा आवद्ध गरी श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै लगिनेछ।

८. गाउँपालिकाको विगत बर्षको नीति तथा कार्यक्रम अनुरुप भाङ्गो खेतीलाई बैधानिकता प्रदान गरिएकोमा भाङ्गो खेतीलाई प्रोत्साहन गरी भाङ्गोबाट कपडा, तेल, अचार लगायतका वस्तुहरु उत्पादन गरी ब्राण्डिङ गरिनेछ । भाङ्गो खेतीलाई व्यवसायिक उत्पादनको रुपमा अघि बढाई स्थानीय जनताहरुको प्रमुख आम्दानीको श्रोतको रुपमा बिकास गरिनेछ ।

९. मसला तथा रैथाने बाली खेतीलाई व्यवसायिक बनाउन प्रोत्साहन गरिनेछ । मसलामा आत्मनिर्भर गाउँपालिका बनाउन उत्पादनमा अनुदान सहित ब्राण्डिङ र प्याकेजिङमा सहयोग पुऱ्याइनेछ । स्याउ र ओखर खेती पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै उत्पादित स्याउ र ओखरमा ढुवानी अनुदानको व्यवस्था गरिनेछ ।

१०. जलवायु परिवर्तन उत्थानशील अनुकुलन परियोजना कार्यक्रम संचालन गरी स्थानीय जनताहरुको जीविकोपार्जन क्षमता अभिवृद्धि गर्दै जलवायू परिवर्तनबाट कृषि प्रणालीमा पर्ने क्षति न्यूनीकरण गर्न जलवायू अनुकूलन कृषि तथा जलश्रोत संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

११. कृषि, पशुपन्छी क्षत्रेमा अनुभव र ज्ञान हासिल गरेका व्यावसायिक कृषक मार्फत सेवा प्रवाह र क्षमता अभिवृद्धि गर्न अगुवा कृषकको पहिचान गरी सम्मान गरिनेछ । उद्यमशीलता जागृत गर्न "**कृषक सबैभन्दा अगाडि**" अवधारणालाई कार्यान्वयन गर्न कृषक केन्द्रित अभियान सञ्चालन गरिनेछ।

१२. पशुपन्छी तथा मत्स्यपालनमा उत्पादकत्व वृद्धि गर्न नश्ल सुधार, यान्त्रिकीकरण, आहार व्यवस्थापन, खोप सेवा, रोग निदान तथा उपचार सेवालाई विस्तार गर्दै लगिनेछ । उत्पादन लागत कम गर्न घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रवर्द्धन गरिनेछ।

१३. पशुपन्छीमा लाग्ने महामारी रोग नियन्त्रण गर्न खोप र जैविक सुरक्षाका विधि प्रयोगमा ल्याइनेछ । महामारी फैलिएमा तत्काल रोग नियन्त्रण गर्न द्रुत प्रतिकार्य टोली गठन र परिचालनको व्यवस्था मिलाइनेछ।

१४. **"घरदैलोमा प्राविधिक सेवा कृषिजन्य उत्पादनमा टेवा"** भन्ने नारालाई आत्मसात गर्दै व्यावसायिक कृषकको फर्ममै पुगी घुम्ती प्राविधिक परामर्श तथा उपचारको सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। बालीनाली र पशुपन्छीमा लाग्ने रोगको नमूना परीक्षण र रोग निदान सेवालाई प्रभावकारी बनाइनेछ।

१५. गाउँपालिकामा सुदूरपश्चिम प्रदेशस्तरीय भेडा स्रोत केन्द्र स्थापना गरिनेछ । उक्त स्रोत केन्द्रबाट भेडापालन सम्बन्धी अध्ययन अनुसन्धान साथै उन्नत जातको भेडाको नश्ल सुधार हुने व्यवस्था मिलाइने छ। पशुपन्छीको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि पशुको जातीय सुधार गर्न कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ। रैथाने जात र नश्लका पशुपन्छीका जातीय सुधारलाई प्रथामिकता दिइनेछ। पशुपन्छीका खोर तथा गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## सहकारी

१६. सहकारी क्षेत्रको बचत अपचलन र ठगी नियन्त्रण गर्न प्रभावकारी नियमनको व्यवस्था गरिनेछ। सहकारी क्षेत्रको स्रोतसाधन र पूँजीलाई उत्पादनशील क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ।

१७. सहकारी संघ, संस्थामा आवद्ध सदस्यहरूको उद्यमशीलता विकास गरी उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्न सहकारी संस्थाहरूको क्षमता विकास गरिनेछ । कार्यसम्पादन मूल्यांकनका आधारमा उत्कृष्ट सहाकारी संस्थालाई पुरस्कृत गरिनेछ । कमजोर अवस्थामा रहेकालाई सवलीकरण गर्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

१८. अनुमती तथा इजाजत नलिई सञ्चालन भएका सहकारीलाई कारवाहीको दायरामा ल्याइनेछ । समस्याग्रस्त सहकारीको अनुगमन गरी समस्या समाधानका लागि पहल गरिनेछ।

१९. उत्पादनमूलक सहकारी संघ संस्थाहरूको प्रभावकारी उत्पादन, प्रशोधन र बजारीकरणको लागि प्रविधि, मेसिनरी उपकरण तथा सीप हस्तान्तरण मार्फत प्रोत्साहन गरिनेछ।

२०. गाउँपालिका अन्तर्गत गठन तथा दर्ता भएका सहकारी संस्थाहरुलाई नियमन गरी संस्थागत विकास तथा क्षमता अभिवृद्धि गर्दै लगिनेछ । सबै सहकारी संस्थाहरुलाई अनिवार्य रूपमा एकीकृत सहकारी व्यवस्थापन प्रणाली (COPOMIS) मा आवद्ध गरिनेछ। दैनिक उपभोग्य वस्तु, कृषि, वन, मह उत्पादन, पशुजन्य पदार्थ, बिक्री, वितरण गर्ने सहकारीहरुलाई अनुदानको व्यवस्था गरी गाउँपालिकाको प्रमुख वस्तीहरुमा सुपथ मुल्यका सहकारी पसलहरु संचालन गर्न प्रोत्साहित गरिनेछ । सहकारीको पूँजी र लगानीलाई व्यवसायिक, कृषि, पर्यटन, उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्ने नीति लिइनेछ।

## पर्यटन तथा संस्कृतिक सम्पदा

२१. दिगो, आय तथा रोजगारीमूलक, प्रविधि र वातावरणमैत्री पर्यटन नीति अवलम्बन गरिनेछ । सार्वजनिक-निजी सहकार्यमा पर्यटनको प्रत्यक्ष लाभ स्थानीय समुदायमा पुऱ्याइनेछ । पर्यटकीय पूर्वाधारमा मौलिकता र नवप्रवर्तनलाई प्रोत्साहित गराइनेछ ।

२२. गाउँपालिकाका ऐतिहासिक, धार्मिक, साँस्कृतिक र प्राकृतिक लगायत पर्यटकीय महत्वका क्षेत्रहरूको संरक्षण र सम्वर्द्धन गर्दै गाउँपालिकाको पर्यटनलाई प्रवर्द्धन गरिनेछ । संघ तथा प्रदेश सरकारसँग साझेदारी गर्दै पदमार्गमा आधारित पर्यटन विकासलाई थप विस्तार गरिनेछ । गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रलाई आकर्षक गन्तव्य स्थलको रुपमा विकास गर्न सहासिक तथा साँस्कृतिक पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ । अपिहिमाल गाउँपालिकाको पर्यटन क्षेत्रको दीर्घकालिन तथा आवधिक योजना कार्यान्वयन गरी गाउँपालिकालाई देशकै उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । पर्यटनको प्रवर्धन गर्न निजीक्षेत्रलाई प्रोत्साहित गरिनेछ । Honey Hunting, अपि परिचय यात्रा (Familiarization Trip) लाई निरन्तरता दिइनेछ । पर्यटन प्रवद्धन गर्न पर्यटकीय सहासिक खेल अल्ट्रा हाईअल्टिच्युट म्याराथन प्रतियोगिताको आयोजना गर्न आवश्यक पहल गरिनेछ ।

२३. स्थानीय समुदायको आय आर्जनका लागि प्राकृतिक सौन्दर्यता, मौलिक संस्कृति, अर्गानिक तथा रैथाने खाना र कोशेली समेतको प्रवर्द्धन गरी होमस्टे सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । पर्यटन, वातावरण, रैथाने संस्कृतिबीच तादात्म्यता कायम गर्ने उद्देश्य सहित हरित प्रविधि प्रवर्द्धन तथा Meet The People र भेडी गोठ बास कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकालाई आरोग्य पर्यटनको आकर्षक स्थलको रूपमा विकास गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

२४. गाउँपालिका भित्र रहेका प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन गर्न स्वदेश तथा विदेशमा रहेका पर्यटनसँग सम्बन्धित चर्चित कन्टेन्ट क्रिएटर, भ्लगरहरूलाई परिचालन गर्ने नीति लिइनेछ । पर्यटन प्रवर्द्धनका लागि **अपिहिमाल पर्यटन डिजिटल अभियान**

सञ्चालन गरिनेछ । नेपाल प्रवेश गर्ने स्थलमार्ग तथा विमानस्थलहरूमा पर्यटकीय गन्तव्य स्थलका सूचना र जानकारीहरू विद्युतीय प्रणालीबाट बहुभाषामा प्रकाशन तथा प्रदर्शन गर्ने व्यवस्था मिलाइनेछ ।

२५. सरोकारवालाहरूको सहकार्यमा पर्यटन व्यवसायमा आवद्ध महिला तथा यूवा लक्षित उद्यमशीलतामा आधारित क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । होमस्टे व्यवस्थापन, नेचरगाइड, कुक तथा हस्पिटालिटी जस्ता पर्यटन व्यवसायसँग सम्बन्धित सीप विकास तालिम सञ्चालन गरिनेछ । नविन पर्यटन व्यवसाय स्थापनका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ । पर्यटन डिजिटल पोर्टल सञ्चालन गरिनेछ ।

२६. गाउँपालिकाको जिविकोपार्जनमा सहयोग पुऱ्याउन एग्रो टुरिजम कार्यक्रममा जोड दिइनेछ । हेल्थ टुरिजम मार्फत नागरिकहरुको विशेषज्ञ चिकित्सक सहित नि:शुल्क स्वास्थ्य उपचार सेवा प्रदान गरिनेछ । शैक्षिक पर्यटनलाई विशेष जोड दिइनेछ । होमस्टेको विस्तार, होमस्टे सञ्चालको दक्षता अभिवृद्धि, सिकाई आदान प्रदानका कार्यक्रम सञ्चालन गरिनेछ । होमस्टे र होटल व्यवसायीहरूलाई सरसफाई व्यवस्थापन र खानाका परिकार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. सुदूरपश्चिमको सबै भन्दा अग्लो हिमाल अपिहिमाल सहित नाम्पा, भभय, कापुचुली, जेठीबहुरानी लगायत हिमाल आरोहणको लागि आवश्यक पहल गरिनेछ । हिउमा खेलिने साहसिक स्की खेलको सम्भाव्यता अध्ययन गरिनेछ । रक क्लाइम्बिङको लागि उपयुक्त स्थान छनौट गरी सम्भाव्यता अध्ययन गरिनेछ ।

२८. पर्यटन क्षेत्रमा कृयाशिल निकायहरु नेपाल पर्यटन बोर्ड, पर्यटन विभाग, TAAN, NMA, NATTA, HAN, नेपाल पर्वातारोहण प्रतिस्ठान पत्रकार महासंघ लगायत संघ संस्थाहरुसँग आवश्यक सहकार्य गरी पर्यटन प्रवर्द्धनका कृयाकलापहरु सञ्चालन गरिनेछ ।

२९. गाउँपालिकाले स्थापना गरेको जातीय तथा सांस्कृतिक संग्रहालयलाई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ ।

३०. मित्र राष्ट्र भारत चीन लगायत तेस्रो मुलुकका पर्यटक भित्र्याउन पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । गर्मीको मौसममा गर्मी छल्न र जाडोको समयमा हिउ खेल्नको लागि अपिहिमाललाई हिल स्टेशनको रुपमा बिकास गरिनेछ । तामाखानी भ्यू पोइन्ट, धरमघर, क्षेत्ती घाजीर, सितोला गाउँ, चाइमटेला, सतगंगा लगायत कापुचुली हिमालको आधार शिविरलाई नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

## लघु उद्यम तथा उद्योग विकास

३१. गाउँपालिकालाई लगानीको उचित गन्तव्य बनाउन लगानीमैत्री नीति अख्तियार गरिनेछ । नवप्रवर्तनमा आधारित उद्योगको स्थापना र विकासका लागि अध्ययन तथा अनुसन्धान गरिनेछ । स्थानीय कच्चा पदार्थमा आधारित वस्तु र सेवाको उत्पादन, प्रवर्द्धन, प्रयोग र बजारीकरणमा जोड दिइनेछ ।

३२. **"युवाको सर्वाङ्गीण विकास, गाउँपालिका निर्माणको आधार"** भन्ने अभियान सञ्चालन गरिनेछ । यूवावर्गको उद्यमशीलता विकास गर्न आवश्यक तालिम सीप विकास मार्फत रोजगार सृजना गर्ने कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

३२. "**बढाऔं उत्पादन, राखौं पहिचान**" भन्ने नारालाई सार्थक बनाउँदै स्थानीय स्रोत, साधनको अधिकतम उपयोग, स्थानीय सीप र प्रविधिको अभिवृद्धि तथा स्थानीय उत्पादनको प्रवर्द्धन, बजारीकरण, ब्राण्डिङ, लेभलिङ, प्याकेजिङ मार्फत गाउँपालिकाको पहिचान सुदृढ गरिनेछ ।

३३. गरिवी निवारणका लागि लघुद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमीहरुको स्तरोन्नती, आवश्यकता पहिचान पुनर्ताजगी तालिम संचालन गरिनेछ । लघु तथा साना उद्योगहरु संचालन गर्ने निजीक्षेत्र तथा समूहहरुलाई सहुलियत तथा प्रोत्साहन स्वरुप अनुदान, प्रविधि तथा सहुलियत ऋणका लागि पहल गरिनेछ ।

३४. लघु, घरेलु तथा साना उद्यम व्यवसाय गर्ने उद्यमशीलता विकासका लागि बैंकिङ्ग कर्जामा आधारित कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ ।

अपिहिमाल गाउँपालिका गाउँ सभा खण्डेश्वरी, दार्चुला सुदूरपश्चिम, नेपाल

**श्रम तथा रोजगार**

३५. **"नागरिकको योगदान : महिनाको एक दिन श्रमदान"** भन्ने नारालाई आत्मसात गर्दै सम्बन्धित निकायसँगको सहकार्यमा श्रमको सम्मान र श्रमदान गर्ने कार्य संस्कृतिको विकास गर्दै लगिनेछ । श्रम बजारको माग अनुरूप सीपयूक्त प्राविधिक जनशक्ति तयार गर्न विभिन्न व्यावसायिक सीपमूलक तालिम सञ्चालन गर्ने र सीप परीक्षण गरी प्रमाणपत्र जारी गर्ने व्यवस्था मिलाइनेछ ।

३६. रोजगारी सिर्जना गरी बेरोजगारी एवम् गरिबी न्यूनीकरण गर्ने, बढ्दो जनशक्ति पलायनलाई रोक्ने तथा सामाजिक न्याय र समावेशीता प्रवर्द्धन गर्ने खालका कार्यक्रमलाई प्राथमिकता दिइनेछ । गाउँपालिकाको समृद्धिमा यूवा पुस्ताको योगदान बृद्धि गर्न प्रविधि, उद्यमशीलता र आयआर्जनमा जोडिने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

३७. असल श्रम संस्कृतिको विकासमार्फत श्रम र रोज़गारीमा आवद्ध हुन प्रोत्साहन गरिनेछ । रोजगारी सूचना केन्द्रको सुदृढीकरण गरिनेछ । गाउँपालिका भित्र उद्यमशीलता विकास गरी यूवा रोजगारी सिर्जना गरिनेछ । स्वरोजगारी तथा ज्याला रोजगारी दुबैका माध्यमबाट आन्तरिक रोजगारीको सिर्जना गरिनेछ । गाउँपालिका भित्र उद्यमशिलता प्रवर्धन गर्न सीप तथा रोजगार मेलाको आयोजना गरिनेछ ।

३८. यूवालाई सूचना प्रविधिको माध्यमबाट रोजगारी र उद्यमशीलता तथा स्वरोजगारीका अवसर सिर्जना गर्ने व्यवस्था मिलाइनेछ । श्रमप्रति आस्थावान र आत्मनिर्भर मानवीय पूँजी निर्माण गरिनेछ । यूवालाई आर्थिक र सामाजिक रूपान्तरणका प्रमुख बाहकका रूपमा परिचालन गरिनेछ । यूवामा स्वयंसेवी र सदाचारी भावना विकास गरिनेछ ।

३९. शिक्षित रोजगारविहिन युवाहरुलाई रुची र योग्यता अनुसार स्वरोजगारमूलक कार्यक्रम संचालन गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि

रोजगार सेवा केन्द्रलाई रोजगार सूचना केन्द्रका रुपमा विकास गरिनेछ । ६० देखि ६[illegible] वर्ष उमेर समूहका नागरिकहरुलाई समेत समेटी "**अध्यक्ष स्वरोजगार**" कार्यक्रमलाई निरन्तरता दिइनेछ । गाउँपालिका क्षेत्रमा श्रृजना हुने रोजगारीका अवसरमा स्थानीय यूवाहरुलाई प्राथमिकता दिइनेछ । वैदेशिक रोजगारबाट फर्केका तथा बैदेशिक रोजगारमा जान चाहने युवाहरुको लागि रोजगार परामर्श सेवा तथा मनो परामर्श सेवा प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

**गाउँ सभाका सदस्यहरू**

## शिक्षा युवा तथा खेलकुद

४०. शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिइनेछ । गाउँपालिका क्षेत्रमा रहेका विद्यालयलाई बालमैत्री, अपांगमैत्री सहित दक्ष जनशक्ति, पूर्वाधारयुक्त विद्यालय, व्यवहारिक सीप विकास र शिक्षालाई गुणस्तरीय बनाइनेछ ।

४१. विद्यालयलहरुको क्षमता अभिवृद्धि, गुणस्तरीय र अभिभावकहरुलाई थप जिम्मेवार वनाउन **"हाम्रो विद्यालय हामी बनाउँछौं"** कार्यक्रमलाई निरन्तरता दिइनेछ, सो कार्यक्रम संचालनको लागि स्वंयम सेवक शिक्षक, विद्यालय कर्मचारी तथा विद्यालय शैक्षिक सामग्री तथा विद्यालयको शैक्षिक प्रशासन सुधार लगायतको कार्यको लागि विद्यालयमा एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ । सामुदायिक विद्यालयका कक्षा १ देखि १२ सम्ममा अध्ययनरत विद्यार्थीहरूलाई नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था गरिनेछ । गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरूको पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ । सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई नि:शुल्क सेनेटरी प्याड उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४२. शैक्षिक गुणस्तर सुधारका लागि शिक्षामा आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्ने कार्यलाई विस्तार गर्दै लगिनेछ । भौतिक पूर्वाधारलाई विपद् उत्थानशील बनाई

विपद्को अवस्थामा पनि शिक्षण सिकाइको निरन्तरता हुने व्यवस्था मिलाइनेछ। विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यालयका असल अभ्यासको आदान प्रदान गर्ने कार्यमा सहजीकरण गरिनेछ । शिक्षकको पेशागत क्षमता विकास सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४३. प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारीहरु तथा पदाधिकारीहरूको क्षमता विकासका लागि प्रविधिमा आधारित तालिम, स्थलगत शैक्षिक भ्रमण, कार्यशाला, अनुभव आदान प्रदान कार्यक्रम, रोष्टर समूह गठन तथा परिचालन लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । विद्यालयहरुमा रिक्त शिक्षकको पदपूर्ति गर्दा अनिवार्य शिक्षण अनुमतिपत्रको व्यवस्थालाई निरन्तरता दिइनेछ।

४४. संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयको भौतिक संरचना सुदृढ तथा निर्माण गरिनेछ । श्री खण्डेश्वरी माध्यमिक विद्यालयको निर्माणाधिन भवन निर्माण सम्पन्न गरिनेछ।

४५. कमजोर आर्थिक सामाजिक अवस्थाका जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा र चिकित्सा शिक्षा तर्फ एमविविएस तहको अध्ययन गर्न छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिइने र यसरी छात्रवृत्तिमा अध्ययन पूरा गरेका विद्यार्थीहरूलाई गाउँपालिकाको स्वास्थ्य सेवा परिचालन गर्न कानुनी तथा नीतिगत व्यवस्था गरिनेछ।

४६. गरिब, असाह्य जेहेन्दार तथा विकट वस्तीका विद्यार्थिहरुलाई छात्रावासको व्यवस्था मिलाईनेछ। स्थानीय अल्पसंख्यक विद्यार्थिहरुलाई दिइदै आएको छात्रवृत्ती कार्यक्रमलाई निरन्तरता दिईनेछ। कक्षा १२ सम्मको शिक्षा अनिव्रार्य गरिने नीति लिइनेछ। **अध्यक्ष संग बालबालिका कार्यक्रमलाई** निरन्तरता दिदै प्रत्येक विद्यालयमा गाउँपालिका अध्यक्ष संरक्षक रहने गरी सृजनात्मक क्षमता विकासका लागि भित्ते पत्रिका प्रकाशन कार्यको सुरुवात गरिनेछ।

४७. सामुदायिक विद्यालयप्रति सरोकारवालाको अपनत्व बढाउन "**मेरो विद्यालय, मेरो दायित्व**" अभियानलाई सबै विद्यालयमा विस्तार गरी सञ्चालन गरिनेछ । स्थानीय पाठ्यक्रममा सकारात्मक सोच, योग, ध्यान, मानव मूल्य तथा खुसी अभिवृद्धि गर्ने विषय समावेश गर्न प्रोत्साहन गरिनेछ ।

४८. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार स्वास्थ्य सचेतनाका लागि गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूलाई परिचालन गरिनेछ । विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । सबै विद्यालयहरुमा स्वच्छ र सफा खानेपानी एवं सरसफाईमा तारे प्रणाली लागू गरी ज्ञान सीप र धारणा विकास गरिनेछ । प्रत्येक वडामा कम्तीमा पनि एक-एक वटा विद्यालय छनौट गरी नमूना विद्यालयको रुपमा विकास गर्न नमूना विद्यालय कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्यालय दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्यालय भान्सा सुधारको लागि सरोकारवाला संघ संस्थासँगको सहकार्यमा सबै विद्यालयमा भान्सा घर निर्माण गरिनेछ ।

४९. पूर्व विद्यार्थी समाज तथा शैक्षिक क्षेत्रमा काम गर्ने संघ संस्थाहरुसँगको सहकार्यमा विद्यालय सुधार योजना लागू गरिनेछ । पाठ्यक्रममा आधारित क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट बालबालिकाको अन्तरनिहित प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरी सर्वाङ्गीण विकास गर्न पालिकास्तरीय अतिरिक्त शैक्षिक क्रियाकलापहरू सञ्चालनको व्यवस्था मिलाइनेछ ।

५०. बाली विज्ञान कक्षालाई थप प्रभावकारी बनाई संचालन गरिनेछ । बाली विज्ञान अध्ययनरत विद्यार्थीहरुलाई कृषिसँग जोड्ने नीति लिइनेछ । शिक्षक तथा विद्यार्थीहरुलाई **सिक्दै, सिकाउदै, पढदै कमाउदै** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५१. यूवाहरूको शारीरिक र मानसिक विकासको लागि नियमित खेलकूद सञ्चालन र गाउँपालिकास्तरीय, जिल्लास्तरीय, प्रदेशस्तरीय तथा राष्ट्रियस्तरीय खेलकूद

प्रतियोगिताहरू आयोजना गरिनेछ । विद्यालय तह देखि खेलकूद तालिम, प्रशिक्षण र खेलाडी प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । अध्यक्ष प्रिमियर लिग क्रिकेट प्रतियोगिता र भलिबल प्रतियोगता व्यवस्थित र भव्यरुपमा आयोजना गरी सञ्चालन गरिनेछ । खेल पर्यटनको विकासका लागि पर्वतीय खेल सहितका पहिचान गरिएका साहसिक खेलहरूलाई समेत समावेश गर्दै लगिनेछ ।

५२. खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन गर्दै खेलाडीको प्रशिक्षण, सहभागिता र व्यावसायिकतालाई जोड दिइनेछ । नीतिगत एवम् कानुनी सुधार गर्दै खेलकूदसँग सम्बन्धित गाउँपालिकाका संचरना तथा निकायलाई सुदृढ बनाइनेछ ।

५३. "**स्वास्थ्य तथा अनुशासनका लागि खेलकूद**" भन्ने मर्मलाई आत्मसात गर्दै खेलकूद पूर्वाधारको विकास र प्रशिक्षणको व्यवस्था गरी प्रतिभावान, व्यावसायिक तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक हासिल गरेका खेलाडीलाई खेल क्षेत्रमा निरन्तरता दिन प्रोत्साहन गर्ने नीति लिइनेछ । संघीय सरकारसँगको साझेदारीमा वडा नं. ४ मा आगामी आर्थिक वर्षबाट हाईअल्टिच्युड साहसिक पर्यटन रंगशाला निर्माणको थालनी गरिनेछ ।

## जनस्वास्थ्य तथा आयुर्वेद सेवा

५४. "**मेरो स्वास्थ्य: मेरो जिम्मेवारी**" भन्ने तथ्यलाई आत्मसात गर्दै स्वस्थकर जीवनशैलीका लागि शारीरिक, मानसिक, सामजिक तथा आध्यात्मिक स्वास्थ्य प्रवर्द्धन गर्न ध्यान, योग र खुल्ला व्यायामशाला, स्वास्थ्यका लागि खेलकूद, स्थानीय कृषि उपज तथा रैथाने बालीको उपभोग तथा भान्सा सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ । बढदो नसर्ने रोगको रोकथाम तथा नियन्त्रणलाई प्राथमिकतामा राखि क्रमश: विस्तार गर्दै लगिनेछ ।

५५. बालबालिकाको खोप लगाउने अधिकारलाई सुनिश्चित गर्दै "**खोज र खोप**" अभियान सञ्चालन गरिनेछ । बालबालिका, किशोरकिशोरी, गर्भवती र सुत्केरीको पोषण अवस्थालाई लक्षित गरी व्यवहार परिवर्तनमूखी कार्यक्रम सञ्चालन गरिनेछ ।

५६. नि:शुल्क आधारभूत स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच सुनिश्चित गर्दै गाउँपालिका भित्रका सबै नागरिकहरूलाई आधा घण्टा भित्रै गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ । नेपाल सरकारले निशुल्क गरेका सबै औषधी तथा स्वास्थ्य सेवाहरु अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट नि:शुल्क र सर्वसुलभ रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । स्वास्थ्य चौकीहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाई छिटो, छरितो गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

५७. "**स्वास्थ्यमा प्रविधि: समृद्धिमा गति**" भन्ने नारालाई आत्मसात गर्दै स्वास्थ्य क्षेत्रको सर्वव्यापी पहुँच र उपभोगका लागि उच्चतम डिजिटल प्रविधिको प्रयोग गरी स्वास्थ्य संस्थाबाटै विशेषज्ञ सहितको गुणस्तरीय तथा चिकित्सकीय स्वास्थ्य सेवामा पुहँच पुऱ्याउन टेलीहेल्थ तथा टेलीमेडिशिन सहितको स्मार्ट हेल्थ कार्यक्रमको संचालन तथा विस्तार र निरन्तरता दिइनेछ । सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई थप सुदृढीकरण गरी विद्यमान स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित गरी अनिवार्य रूपमा सञ्चालन गरिनेछ । आवधिक रुपमा स्थानीयस्तरमा विभिन्न रोग सम्बन्धी विशेषज्ञ चिकित्सक सहितको हेल्थ टुरिजम स्वास्थ्य शिविर संचालन गरिनेछ ।

५८. गाउँपालिका अन्तरगत सबै वडामा संचालनमा रहेका स्वास्थ्य सेवा केन्द्र एवं बर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाउन विशेष जोड दिइनेछ । साथै आवश्यकता अनुसार स्वास्थ्य क्लिनिक तथा खोप केन्द्रहरु व्यवस्थापन गरी स्वास्थ्य सेवा सर्वसुलभ र भरपर्दो बनाउन विशेष जोड दिईनेछ । प्रदेश सरकारसँगको साझेदारीमा अव्यवस्थित तथा अपूरा निर्माण तथा सामग्री अभाव भएका वर्थिङ सेन्टरहरूलाई थप व्यवस्थित बनाई प्रभावकारी सेवा प्रदान गर्न वर्थिङ सेन्टर सुदृढीकरण र विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।

५९. सामुदायिक स्वास्थ्य सेवालाई थप व्यवस्थित गर्न महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमलाई उत्प्रेरणा, हौसला र क्षमता अभिवृद्धि सहित सुदृढिकरण गरिनेछ । सुनौला १००० दिने आमा र बच्चाको पोषण अवस्थाको सुधार ल्याउन **उपाध्यक्ष एकिकृत**

अपिहिमाल गाउँपालिका
गाउँ सभा
खण्डेश्वरी, दार्चुला
नेपाल

**स्वास्थ्य तथा पोषण** कार्यक्रमलाई निरन्तरता दिइनेछ। पूर्ण खोप सुनिश्चितता र दिगोपन तथा खोप सेवालाई थप प्रभावकारी बनाउन संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा कोल्ड चेन सब सेन्टरको स्थापना गरिनेछ।

६०. महिलामा हुने पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर तथा पाठेघर खस्ने लगायतका रोगको नि:शुल्क परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ। लिङ्गको आधारमा गरिने गर्भपतनलाई निरूत्साहित गरी उमेर नपुगी हुने विवाह र गर्भधारण जस्ता स्वास्थ्यमा नकारात्मक असर पार्ने सामाजिक र सांस्कृतिक अभ्यासलाई सम्बोधन गर्न महिला तथा किशोरी लक्षित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ। बढ्दो नसर्ने रोगको जोखिम कम गर्न नियमित घरदैलोमै स्वास्थ्यकर्मी परिचालन गरी नसर्ने रोगको स्क्रिनिङ उपचार र व्यवस्थापन गरिनेछ।

६१. सबै स्वास्थ्य संस्थाहरूबाट विपद तथा महामारीको समय सम्भव भएसम्मका स्वास्थ्य सेवा तथा उपकरणहरूको अधिकतम प्रयोग गरी सेवा उपलब्ध गराइनेछ। आकस्मिक सेवालाई थप प्रभावकारी बनाउन लक्षित वर्गलाई नि:शुल्क सेवा प्रदान गरी एम्बुलेन्स सेवालाई थप व्यवस्थित बनाइनेछ।

६२. संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायसँग समन्वय गरी आकस्मिक गर्भवती वा सुत्केरीलाई तत्कालै उपचार गर्नुपर्ने देखिएमा हेलिकप्टर मार्फत उद्दार गर्ने व्यवस्था मिलाइनेछ। सरकारी, निजी तथा सामुदायिक क्षेत्रको सक्रियतामा स्वास्थ्य तथा पर्यटन क्षेत्रलाई अन्तरआवद्ध गर्न पहल गरिनेछ। ज्येष्ठ नागरिक, अपांग, अल्पसंख्यक, सीमान्तकृत नागरिकहरूलाई घरदैलोमै सहज स्वास्थ्य सेवा प्रदान गर्न **"अध्यक्ष ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम"** लाई निरन्तरता दिएइनेछ।

६३. गाउँपालिका अन्तरगत रहेको आयुर्वेदिक औषधालको स्तरोन्नती गर्न र गुणस्तरीय आयुर्वेदिक विधिबाट स्वास्थ्य सेवा संचालन गर्न आवश्यक पहल गरिनेछ। आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा प्रणालीलाई थप विस्तार गरी सम्भव भएसम्म सबै स्वास्थ्य संस्थाहरूबाट सेवा प्रदानको व्यवस्था मिलाइनेछ।

६४. बहुक्षेत्रीय पोषण कार्यक्रम "**उपाध्यक्ष कोशेली कार्यक्रम**" को रुपमा संचालन गरिनेछ । यस अन्तरगत सुरक्षित मातृत्व कार्यक्रम, पोषण चौतारी कार्यक्रम, घरघर करेसाबारी, एकल महिला- सबैभन्दा पहिला, पोषण मैत्री संस्था/टोल विकास जस्ता कार्यक्रमहरु संचालन गरिनेछ । **"घरघरमा अर्ग्यानिक तरकारी: रोग व्याधि डाँडापारी"** नारा अनुसार अर्ग्यानिक खानपानलाई जोड दिई बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

## खानेपानी स्वच्छता तथा सरसफाई

६५. सबै गाउँपालिकाबासी नागरिकलाई स्वच्छ र गुणस्तरीय खानेपानी सेवाको उपलब्धता सुनिश्चित गरिनेछ । खानेपानी र सरसफाई क्षेत्रमा दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि लगानी वृद्धि, सेवा दक्षता, प्रभावकारीता र सुशासन कायम गरिनेछ । प्राकृतिक विपद् प्रभावित खानेपानी आयोजनाहरूको निर्माण, मर्मत र सञ्चालन गरी पानीको पहुँच पुऱ्याइनेछ ।

६६. गुणस्तरीय खानेपानी सेवा प्रवाह गर्न "**एक घर एक धारा**" अभियानलाई निरन्तरता दिइनेछ । खानेपानी सरसफाई तथा स्वच्छता योजना (वास प्लान) लाई पूर्णता दिई प्राथमिकताका आधारमा आयोजनाहरू कार्यान्वयन गरिनेछ

६७. दिगो विकासका लक्ष्य बमोजिमका खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी लक्ष्य हासिल गर्न खानेपानी सुरक्षा योजनामार्फत स्रोत संरक्षण, पुर्नभरण, खानेपानी गुणस्तर सुधार तथा सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ ।

६८. गाउँपालिका भित्र निर्माण भएका खानेपानी आयोजनामा अनिवार्य रूपमा पानी महशुल निर्धारण गरी संकलन गर्न तथा योजनाको सञ्चालन र मर्मत सम्भार स्थानीय उपभोक्ता समितिबाट गर्ने व्यवस्था मिलाइनेछ । सबै खानेपानी योजनाको दर्ता नवीकरण, प्रतिवेदन तथा वार्षिक सभा जस्ता कार्यलाई नियमित बनाइनेछ ।

६९. गाउँपालिकालाई पूर्ण सरसफाई युक्त, समुदाय तथा विद्यालयहरुलाई पूर्ण सरसफाई उन्मुख बनाउने, पानीजन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाई अभियानलाई निरन्तरता दिइनेछ। साथै मुहान, स्रोतहरुको संरक्षण एवम् घरायसी स्तरमा पानीको गुणस्तर परीक्षण तथा पानी शुद्धिकरण प्रविधिको थालनी गरिनेछ। गाउँपालिका अन्तर्गत विगतमा संचालित खानेपानी योजनाहरुको मर्मत सम्भार तथा स्तरोन्नती गर्ने, वस्तीस्तरको आवश्यकता र सम्भाव्यता अध्ययन गरी स-साना खालका खानेपानी योजनाहरु निर्माण गर्न समुदायलाई आवश्यक सहयोग गरिनेछ।

७०. फोहरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि ठाउँ-ठाउँमा सेनेटरी ल्याण्डफिल साईट निर्माण तथा प्रयोग गर्न समुदायलाई प्रोत्साहित गरिनेछ । बजारक्षेत्र र सार्वजनिक स्थानहरुको फोहोरमैला व्यवस्थापनका लागि डंस्टवीन तथा ल्याण्डफिल साईटको प्रयोगलाई प्रभावकारी रुपमा संचालन गरिनेछ। बजारक्षेत्र तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गरी प्रयोग गर्ने र गराउने कार्यलाई उच्च प्राथमिकता दिइनेछ। साथै "**एक घर, एक शौचालय**" अनिवार्य गरिनेछ। फोहरमैला व्यवस्थापनको लागि स्रोतमा नै फोहरमैला संकलन, Re-cycle and Re-use गर्ने नीति लिइनेछ । गाउँ वस्तीस्तरमा टोल विकास संस्था निर्माण तथा परिचालन गरी सरसफाई लगायत अन्य विकास क्रियाकलापहरु संचालन गर्न प्रोत्साहित गरिनेछ । घरभित्रको फोहोरमैला व्यवस्थापन तथा टोल वस्ती सरसफाई कार्यक्रमलाई संचालन गर्न टोल विकास संस्था/समितिलाई परिचालन गरिनेछ।

## भाषा, संस्कृति तथा सम्पदा संरक्षण

७१. परम्परागत मेला, जात्रा तथा पर्वहरुको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ। क्षेत्तेली भाषा, मल्देशी भेषभुषा तथा संस्कृती, सितोली सौका समुदायको भाषा, भेषभुषा तथा संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ। "**मौलिकता हाम्रो शानः संस्कृती परम्परा हाम्रो पहिचान**" अभियान अन्तरगत

संस्कृती पहिचान, प्रवर्द्धन र विकास संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्थानीय कला, संस्कृतिको संरक्षण, संम्बर्द्धन र विकासका लागि समय सापेक्ष संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका क्रियाकलापहरु संचालन गरिनेछ । गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक र पूरातात्विक महत्वका जिर्ण सम्पदाहरु, विभिन्न देवी देवताका मन्दिर तथा धार्मिक स्थलहरुको संरक्षण र संवर्द्धन, मर्मत सम्भार र विकासका लागि आवश्यक पहल गरिनेछ ।

७२. गाउँपालिका भित्रका धार्मिक, साँस्कृतिक, पुरातात्विक र ऐतिहासिक महत्वका क्षेत्रको संरक्षण तथा प्रवर्द्धन गरिनेछ । भाषा, संस्कृति, कला, साहित्य संगित तथा रैथाने ज्ञान, सीप र कलाको अध्ययन, संरक्षण एवम् प्रवर्द्धन गरिनेछ ।

## महिला वालवालिका तथा समाजकल्याण

७३. बालबालिका माथि हुने दुर्व्यवहार, हिंसा, शोषण र भेदभाव एवम् बालश्रमको अन्त्य गर्दै बालमैत्री गाउँपालिका निर्माणका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ । बालविवाह अन्त्यका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

७४. बालमैत्री शासनको कार्यान्वयनमा जोड दिइनेछ । गाउँपालिका क्षेत्रभित्र निर्माण गरिएका बाल उद्यानसहितको बालमैत्री सिकाईलाई व्यवस्थित बनाइनेछ । बाल विवाह, साइवर अपराध, लागूऔषध दूर्व्यसन रोक्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । बाल विवाहलाई पूर्णतया निस्तेज गरिनेछ र यस्ता कार्यमा संलग्नलाई कानुनी रुपमै दण्डित गर्ने नीति लिइनेछ ।

७५. "**अपिहिमालका महिला उद्यमशीलतामा पहिला**" भन्ने मूल नारालाई आत्मसात गर्दै सम्बन्धित निकायसँगको सहकार्यमा महिला उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । महिलाको सर्वाङ्गीण उत्थान र सवलीकरणमा विशेष ध्यान दिइनेछ । महिला विरुद्ध हुने हिंसा, शोषण र भेदभाव अन्त्य गरिनेछ ।

७६. महिला, बालबालिका, ज्येष्ठ नागरिक, पछाडि पारेका तथा पारिएका समुदायको विकास, संरक्षण, उत्थान र सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ। सबै प्रकारका विभेद, कुप्रथा र हिंसामुक्त गाउँपालिका निर्माण गर्ने अभियान सञ्चालन गरिनेछ।

७७. महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, यौनिक अल्पसंख्यक, सीमान्तकृत, पिछडा वर्ग, विपन्न र जोखिममा रहेका समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सम्बन्धित संघ संस्थाहरूसँगको समन्वयमा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

७८. आर्थिक, सामाजिक विकासलाई प्राथमिकता दिई **"महिलासँग उपाध्यक्ष कार्यक्रम"** लाई निरन्तरता दिइनेछ। विपन्न तथा असाहय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपर्जनका लागि व्यवसायिक तथा स्वरोजगारमूलक कार्यक्रम संचालन गरिनेछ। दलित, आदिवासी जनजाती, अपांग, अल्पसंख्यक तथा पछाडि परेका लक्षित वर्गको उत्थान, संरक्षण र विकासका लागि आयआर्जन, सीप विकास, तालिम, रोजगारी, व्यवसाय विकास जस्ता विशेष योजना तथा कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिनेछ। जीविकोपार्जन सुधार कार्यक्रमलाई सहभागितामूलक र थप व्यवस्थित गरी सञ्चालन गरिनेछ।

७९. **"ज्येष्ठ नागरिकसँग अध्यक्ष"** कार्यक्रमलाई निरन्तरता दिइनेछ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरुको जीवनयापनमा सहयोग पुग्ने वस्तु तथा सेवा सहित वृद्धवृदाहरुलाई सम्मान गरिनेछ। ज्येष्ठ नागरिक र असाहाय ज्येष्ठ नागरिकका लागि विषेश सुरक्षा सहितका कार्यक्रम सञ्चालन गरिनेछ।

८०. **"ज्येष्ठ नागरिक समाजका अमूल्य नीधि"** भन्ने मान्यतालाई आत्मसात गर्दै ज्येष्ठ नागरिकको आत्मसम्मान अभिवृद्धि र ज्ञान, सीप तथा अनुभवको पुस्तान्तरणका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ। ज्येष्ठ नागरिकहरूको नि:शुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाइनेछ।

अपिहिमाल गाउँपालिका गाउँ सभा सुदूरपश्चिम, नेपाल

८१. समाजमा विद्यमान विकृति, विसंगति, कुरीति, कुसंस्कार, घरेलुहिंसा जस्ता असामाजिक र सामाजिक हित विपरित हुने क्रियाकलापहरुको अन्त्य गरी भयमुक्त, न्यायपूर्ण र समानतायुक्त समाजको निर्माणका लागि आवश्यक नीति नियम बनाई कार्यान्वयन गरिनेछ । जातीय विभेद, मानव बेचविखन, लैगिंक हिंसा र विद्युतीय अपराधविरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । लैगिंक हिंसा न्यूनिकरण गरी गाउँपालिकालाई लैगिंक हिंसामुक्त पालिका घोषणा गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. अपांगता भएका, असाहाय, आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिहरूको पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र साझेदार संघ संस्थाको सहयोगमा संरक्षण गर्न पहल गरिनेछ । अपांगता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलकूद, रोजगारी र आय आर्जनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिका भित्र रहेका अपांगता भएका व्यक्तिहरूलाई अपांगता परिचयपत्र वितरण कार्यलाई थप व्यवस्थित बनाइनेछ ।

८३. दलित समुदायको उत्थान, आय आर्जन, कला, सीप तथा जीविकोपार्जनका लागि विशेष कार्यक्रमलाई निरन्तरता दिइनेछ । परम्परागत पेशा, कला र सीपको संरक्षण र प्रवर्द्धन गर्दै दलित समुदायको आधुनिकिकरण र व्यवसायिकरण गरिनेछ ।

## सामाजिक सुरक्षा

८४. व्यक्तिगत घटना सतप्रतिशत ३५ दिन भित्र दर्ता गर्ने व्यवस्था मिलाइनेछ । घटना दर्ताका लागि गाउँपालिकाका सम्पूर्ण टोल, बस्ती तथा ६ वटै वडा समेटिने गरी व्यक्तिगत घटना दर्ता तथा सामजिक सुरक्षा नाम दर्ता शिविर सञ्चालन गरिनेछ । सामजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई व्यवस्थित, अभिलेखिकरण र चुस्त दुरूस्त बनाइनेछ । सामजिक सुरक्षा भत्ता सम्बन्धित वडा कार्यालयको पायक पर्ने स्थानबाट वितरण गरिने व्यवस्था मिलाइनेछ । अति असक्त लाभग्राहीहरूको हकमा संरक्षकको हस्ताक्षरबाट बैंक खाता सञ्चालनका लागि पहल गरिनेछ ।

८५. Biometric Verification का माध्यमबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको पहिचान गरिनेछ । Biometric Verification गर्ने प्रयोजनका लागि Biometric Scanner Device व्यवस्थापन गरी उक्त Device लाई व्यक्तिगत घटना दर्ता तथा सामजिक सुरक्षा व्यवस्थापन प्रणालीसंग आवद्ध गरी संचालनमा गरिनेछ ।

**गाउँ सभाका सदस्यहरू**

**भौतिक पूर्वाधार विकास**

८६. दिगो विकास लक्ष्यको आन्तरिकीकरण तथा स्थानीयकरण, क्षेत्रगत रणनीतिहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय मञ्चहरूमा गरिएको प्रतिवद्धता अन्तरनिकाय समन्वय र सह-लगानीमा कार्यान्वयन हुने आयोजनालाई विशेष प्राथमिकता दिइनेछ ।

८७. विकास आयोजनाहरू निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्न आयोजनाको छनौट, प्राथमिकीकरण, प्राथमिकताका आधारमा बजेट विनियोजन गरिनेछ । आयोजनाको छनौट तथा विनियोजन कूशलता र बजेट खर्च सुधार गर्न आवश्यक व्यवस्था गरिनेछ । गाउँपालिका केन्द्रलाई सडक संजालसँग जोड्न संघ तथा प्रदेश सरकारसँग सार्थक पहल गरी नयाँ आर्थिक बर्ष भित्रै पालिका सदरमुकाम सम्म सडक बाटो पुऱ्याइनेछ । साथै वडा कार्यालयहरुलाई सडक संजालमा जोड्न संघ तथा प्रदेश सरकारका सम्बन्धित निकायहरुसँग समन्वय गरी आवश्यक पहल गरिनेछ ।

८८. दिगो विकासका लक्ष्य, सूचकहरूको स्थानीकरण र आन्तरिकीकरण गर्दै विकास निर्माणसँग अन्तरआवद्धता गर्ने नीति लिइनेछ । पूर्वाधार विकास निर्माणका आयोजनाहरूको कार्यान्वयन गर्दा विस्तृत इन्जिनियरिङ अध्ययन प्रतिवेदन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन अध्ययन गरिनेछ ।

८९. झोलुङ्गे पुल निर्माण तथा राष्ट्रिय भवन संहिताको कडाईका साथ कार्यान्वयन गरिनेछ । विकट बस्ती र समुदायका नागरिकलाई लक्षित गर्दै आधा घण्टा भन्दा बढी समय पैदल हिड्न नपर्ने गरी खोला तथा खोल्सा पार गर्नका लागि सम्भाव्यस्थानमा प्राथमिकताका

आधारमा झोलुङ्गे पुल निर्माण गर्दै लगिनेछ । पुलको मर्मत सम्भारकार्यका लागि आवश्यक औजार उपकरणको उचित व्यवस्था गरिनेछ ।

९०. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवनसंहिताको अनिवार्य र कडाईका साथ पालना गरिनेछ । भवन निर्माण आचार संहिता लागू गरी गाउँपालिका अन्तरगत निर्माण गरिने सार्वजनिक तथा निजी भवन/घरहरु निर्माण गर्नुपूर्व गाउँपालिका कार्यालयबाट अनिवार्य रुपमा नक्सापास गराई निर्माण अनुमति लिने व्यवस्था मिलाइनेछ । निर्माण सम्पन्न भइसकेका घर/भवनहरूको अनिवार्यरूपमा अभिलेखिकरण गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

९१. गाउँपालिका अन्तर्गत विगत देखि संचालित कूलो, नहर, पोखरी लगायतका सिंचाई सुविधाको संरक्षण, सम्बर्द्धन र मर्मत सम्भारका साथै स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ । सिंचाई सुविधा विस्तार गर्नु पर्ने वस्तीहरुको आवश्यकता, श्रोत तथा सम्भव्यता हेरी कुलो, नहर, पोखरी आदि प्रविधिमा आधारित सिंचाई सुविधा निर्माण गर्न आवश्यक पहल गरिनेछ । साना सिंचाई आयोजनाहरुको आवश्यकता पहिचान, सम्भाव्यता अध्ययन गर्दै प्राथमिकताक्रम निर्धारण गरी स्रोतको आधारमा कार्यान्वयन गरिनेछ ।

९२. गाउँपालिका क्षेत्रभित्र राष्ट्रिय विद्युत प्रशारण लाइन विस्तारको कार्यलाई तिव्रतापूर्वक गर्न सम्बन्धित निकायसँग विशेष पहल गरिनेछ । राष्ट्रिय प्रशारण विद्युत लाईन विस्तार, मर्मत तथा विद्युतिकरण कार्यलाई उच्च प्राथमिकताका साथ सार्थक पहल गरिनेछ । गाउँपालिका भित्र निर्माण भई सञ्चालनमा रहेका लघु जलविद्युतलाई व्यवस्थित तथा नियमन गरिनेछ।

९३. गाउँपालिकाको भूउपयोग तथा जग्गा वर्गिकरणलाई कार्यान्वयनमा ल्याइनेछ । उपलब्ध भूमीको वैज्ञानिक, व्यवस्थित, आधुनिकीकरण र औद्योगिकरणमा जोड दिंदै उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ ।

९४. आर्थिक, सामाजिक, मानवीय तथा भौतिक विकासको अवस्था जस्ता सूचकहरूका आधारमा भौगोलिक सन्तुलन एवं समावेशिता कायम हुने गरी पूर्वाधार विकासका

आयोजना सञ्चालन गर्ने नीति लिइनेछ । आयोजना छनौट र प्राथमिकीकरण गर्दा प्रत्यक्ष रोजगारि सिर्जना गर्ने, उद्योग, वाणिज्य तथा व्यापार लजिष्टिक प्रवर्द्धन गर्न मद्दत पुऱ्याउने तथा गाउँपालिकाको आन्तरिक प्रणालीलाई चुस्त बनाउन योगदान गर्ने खालका आयोजनाहरूलाई प्राथमिकता दिइनेछ ।

**गाउँ सभाका सदस्यहरू**

**वन वातावरण तथा विपद व्यवस्थापन**

९५. दिगो वन व्यवस्थापनमा आधारित वन संवर्धन गर्दै वन स्रोतको उचित उपयोग गरिनेछ । वन पैदावार उत्पादन वृद्धि गरी आन्तरिक आपूर्ति, रोजगारी सिर्जना र आयात प्रतिस्थापनमा जोड दिइनेछ । सामुदायिक वनको व्यवस्थापन सुदृढ गर्दै वन आधारित स्रोतको उचित उपयोग गरिनेछ ।

९६. वन स्रोतको दिगो उपयोग गर्न सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई थप विस्तार गरिनेछ । वन व्यवस्थापनमा उपभोक्ता समूह तथा सरोकारवालाको सक्रिय सहभागितामा वन पैदावारको उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारी सृजना गरिनेछ । पर्ती, ऐलानी र खाली जग्गा वा रूखविहिन वन क्षेत्रमा बोटविरूवा रोपी व्यावसायिक उत्पादनका लागि उपयोग हुने व्यवस्था मिलाइनेछ । जडिबुटी खेती, फलफूल खेती संचालन गर्ने व्यक्ति, समूह तथा संघसंस्थाहरुलाई प्रोत्साहन गरिनेछ । वन क्षेत्रलाई राजस्व वृद्धि र गाउँपालिकाको समृद्धिको प्रमुख आधारको रूपमा उपयोग र व्यवस्थापन गरिनेछ।

९७. जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम संचालन गरी वन तथा वातावरण संरक्षणका कार्यक्रम संचालन गरिनेछ । वन तथा वातावरणको संरक्षण, सम्बर्द्धन तथा दिगो उपयोग र विकासका लागि नेपाल सरकारका सम्बन्धित निकायहरुसँगको समन्वयमा सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिबृद्धिका साथै वन व्यवस्थापन र वन उपयोग नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्न पहल गरिनेछ । वन तथा वातावरण व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । बाढी, पहिरो, नदी कटान, भूस्खलन आदिबाट

वर्षेनी हुने क्षति रोक्न जोखिमयुक्त स्थान/क्षेत्रहरुको सर्वेक्षण, अध्ययन गरी आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ। बाढी र पहिरोबाट हुने धनजनको क्षति न्यूनिकरणका कार्यहरु संचालन गरिनेछ।

९८. जलवायु परिवर्तनको कारण सुख्खा र खडेरी भई पानीका मुहान सुक्दै गएको कुरालाई मध्यनजर गर्दै जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू जलाधार र सिमसार क्षेत्रहरूको संरक्षण एवं प्रवर्द्धन गरी खानेपानीका रिचार्ज पोखरी निर्माण र खानेपानी दिगो आपूर्तिको प्रवन्ध गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका नदी, खोलाहरुले गरेको कटानको नियन्त्रण गर्न तटबन्ध निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

९९. विपदजन्य घटनामा परेका पीडित नागरिकलाई थप प्रभावकारी रूपमा राहत तथा सहायता उपलब्ध गराउने प्रणालीको विकास गरिनेछ। विपद व्यवस्थापनका पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्य प्रभावकारी बनाइनेछ।

१००. छरिएर रहेका बस्तीलाई एकीकृत र बसाइँसराइलाई निरुत्साहित गर्न घनाबस्ती सहरउन्मुख क्षेत्रहरूमा बस्ती विकास पूर्वाधार निर्माण कार्य विस्तार गर्दै लगिनेछ । बाढी, पहिरो, भूकम्प, आगजनी जस्ता प्राकृतिक विपदबाट प्रभावित एवम् विस्थापितको लागि पुनर्स्थापना र बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१०१ "**विपद् उत्थानशील हाम्रा गाउँ, सुरक्षित बनाउँछौ आफ्नो ठाउँ**" भन्ने मूल नाराका साथ जलवायू परिवर्तनका प्रतिकूल असरहरूलाई न्यूनीरण गर्न विपद उत्थानशील विकास व्यवस्थापनको अवधारणालाई प्रत्येक क्षेत्रगत कार्यक्रमहरूमा आन्तरिकीकरण गरिनेछ।

१०२. गाउँपालिका क्षेत्रभित्र हुने बाढी, पहिरो, आगलागी, भुकम्प, असिना, सुक्खा खडेरी जस्ता प्राकृतिक विपद् र अन्य कृतिम विपद्बाट उद्धार गरी तुरुन्त राहत प्रदान गर्न वडा तथा गाउँपालिका, सुरक्षा निकाय, निजी क्षेत्र, राजनीति दल, रेडक्रस तथा गैर सरकारी संस्थासँग समन्वय गरिनेछ।

१०३. गाउँपालिकास्तरीय जोखिम नक्साङ्कनबाट पहिचान भएका क्षेत्रहरुमा बाढी, पहिरो, नदी तथा खोला कटानजन्य प्रकोप न्यूनिकरणका लागि विपद व्यवस्थापनमैत्री नीति कार्यक्रम तय गरिनेछ । गाउँपालिकास्तरीय विपद व्यवस्थापन समितिलाई सशक्त र क्रियाशिल बनाईनेछ। गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ। प्राकृतिक विपदजन्य घटना न्यूनिकरण गर्न सरोकारवाला निकाय तथा सरकारी, गैरसरकारी संघ संस्थाहरूसँगको समन्वय र सहकार्यमा विपद व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गरिनेछ । वडास्तरमा गठन गरिएका खोज, उद्धार टोलीहरूको क्षमता अभिवृद्धि गरिनेछ। विपदजन्य घटनाको खोज, उद्धार लगायतका कार्यमा वडास्तरमा गठन गरिएका खोज उद्धार टोलीलाई परिचालन गरिनेछ।

१०४. विपद रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष परिचालन गरिनेछ । विपद् तथा महामारी व्यवस्थापनका लागि परिस्थिति एवं आवश्यकतानुसार तत्काल योजना तथा कार्यक्रम बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

१०५. गाउँपालिकाको विकास निर्माणसँग सम्बन्धित आयोजनाहरूलाई जलवायू उत्थानशिल बनाउन आवश्यक कार्य गरिनेछ। जलवायू परिवर्तनको असर न्यूनीकरण र अनुकूलनको प्रभावकारिताको लागि सूचना, प्रविधि, ज्ञान र सीपको आदान प्रदान गरिनेछ। वातावरण मैत्री विकासलाई प्राथमिकता दिइनेछ।

**गाउँ सभाका सदस्यहरू**

**सुशासन, सेवा प्रवाह तथा न्यायिक समिति**

१०६. गाउँपालिकाको समग्र आर्थिक विकासका लागि निजी, सहकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था तथा विकास साझेदारहरूसँगको समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

१०७. राजश्व व्यवस्थापनलाई थप प्रभावकारी बनाउन नीतिगत सुधार तथा संस्थागत सुदृढीकरण गरिनेछ। संघ तथा प्रदेश सरकारसँग समन्वय गर्दै समग्र राजश्व परिचालनलाई व्यवस्थित

गर्दै लगिनेछ । आन्तरिक राजश्व अभिवृद्धिका लागि तुलनात्मक लाभ दिने परियोजनामा वित्तीय लगानीका लागि व्यवस्था मिलाइनेछ । गाउँपालिकाको आन्तरिक राजश्व परिचालन क्षमता विस्तार गर्न राजस्वको दायरा फराकिलो बनाउँदै लगिनेछ । राजश्व संकलनका लागि नीतिगत र संरचनागत सुधार गर्दै आवश्यक जनशक्ति परिचालन गरिनेछ।

१०८. गाउँपालिकाबाट संकलन गरिने मालपोत, घरकर, राजश्व, शुल्क, दस्तुर आदि व्यवस्थित र नियमन गरी राजश्व संकलनलाई प्रभावकारी र पारदर्शी बनाइनेछ । गाउँपालिका क्षेत्रबाट निकासी हुने प्राकृतिक तथा सार्वजनिक वस्तुहरुमा समय सापेक्षित कर निर्धारण तथा संकलन गरी गाउँपालिकाको आन्तरिक श्रोत बृद्धि गरिनेछ । सामुदायिक वनहरुबाट संकलन हुने काठ, दाउरा बिक्रीबाट प्राप्त हुने राजश्वको नियमानुसारको कर गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला हुने व्यवस्था मिलाइनेछ ।

१०९. सार्वजनिक खर्चलाई परिणाममुखी बनाउन चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्दै आर्थिक तथा सामाजिक क्षेत्रमा दीर्घकालीन लाभ पुऱ्याउने गरी पूँजीगत खर्च वृद्धि गर्दै लगिनेछ । स-साना आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै रुपान्तरणकारी आयोजनामा स्रोत विनियोजन गरिनेछ ।

११०. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई निष्पक्ष, पारदर्शी, पहुँचयोग्य, सहज र छिटोछरितो बनाउन सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गर्दै सेवा प्राप्तिको लागत, समय र दुरी घटाउँदै लगिनेछ । सेवा प्रवाहमा देखिएका समस्या तत्काल सम्बोधन गर्न "**सेवाग्राहीसँग गाउँपालिका**" कार्यक्रम कार्यान्वयनमा ल्याई नागरिकका गुनासाहरूको न्यूनीकरण गरिनेछ । टोल फ्रि सेवा, गुनासो अधिकारी जस्ता माध्यमको प्रयोग मार्फत प्राप्त गुनासोहरूलाई तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ ।

१११. राष्ट्रसेवक कर्मचारीलाई व्यावसायिक, सिर्जनशील, उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउन सेवा सुविधामा समयनुकूल सुधार सहित आवश्यक नीतिगत, संस्थागत र संरचनात्मक सुधार गर्दै लगिनेछ । गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि र कर्मचारीको व्यक्तित्व

विकास गर्दै कार्यक्षमता अभिवृद्धि गर्न विषयगत क्षेत्र केन्द्रित तालिम एवम् क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउने प्रकृया अगाडि बढाइनेछ ।

११२. गाउँपालिका भित्र कार्यरत प्राविधिक एवम् प्रशासनिक जनशक्तिको दक्षता एवम् क्षमता विकास गर्दै गाउँपालिकाको मानवीय र भौतिक पूर्वाधार विकासका क्षेत्रमा उपयोग गर्न नवीनतम प्रविधि, नवप्रवर्तन, व्यवस्थापकीय सीप लगायतका विषय समेट्ने गरी सघन तालिम सञ्चालन गरिनेछ ।

११३. गाउँपालिकाको सार्वजनिक सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिमा आध्यात्मिक र पूर्वीय दर्शनको प्रभाव आन्तरिकीकरण गर्दै योग, ध्यान र सकारात्मक सोच विकासका व्यवहारिक अभ्यास मार्फत नैतिकता, सदाचार र निष्ठायुक्त संस्कृतिको प्रवर्द्धन गर्दै लगिनेछ ।

११४. गाउँपालिकाको सेवा प्रवाहलाई छिटो छरितो एवम विश्वासनीय बनाउन विद्युतीय शासनको कार्यान्वयनलाई थप प्रभावकारी बनाइनेछ । गाउँपालिकाका सूचना तथा तथ्यांक सुरक्षित गर्न विद्युतीय अभिलेख केन्द्र (डाटा सेन्टर) स्थापना गर्न पूर्वाधार तयार गरिनेछ ।

११५. जिल्लास्तरीय तथा गाउँपालिकाको कार्यालयबाट उपलब्ध हुने सेवाहरु सम्बन्धित निकायहरुसँग समन्वय गरी सबै वडाका वस्तीस्तरमै उपलब्ध गराउन एकीकृत घुम्ति शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११६. गाउँपालिका भित्रका राजनीतिक दलहरु, गाउँ कार्यपालिका तथा गाउँ सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल तथा जनप्रतिनिधिहरु बीच आपसी सहमति, सहकार्य र कार्यगत एकतालाई प्रोत्साहित गर्दै हरेक विषयहरुमा सर्वसम्मत रुपमा निर्णय गर्ने एवं कार्यान्वयन गर्ने परिपाटी कायम गरिनेछ ।

११७. विधिशास्त्रीय मान्यता अनुसार कानून तर्जुमामा जोड दिइनेछ। गाउँपालिकाको कानूनको एकीकरण, संहिताकरण तथा अभिलेखिकरणलाई व्यवस्थित गर्दै प्रकाशन तथा वितरण गर्ने व्यवस्था मिलाइनेछ। गाउँपालिकाबासीहरूमा कानून र न्यायमा पहुँच अभिवृद्धि गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। न्यायिक सहजकर्ता तथा न्यायिक समितिका पदाधिकारीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

११८. न्यायिक समितिको संस्थागत विकास गरी नागरिकलाई न्यायमा सहज पहुँच पुऱ्याइनेछ। न्यायिक समितिमा दर्ता हुन आएका विवादहरूको न्यायिक निरोपण छिटोछरितो र मेलमिलापको माध्यमबाट हुने व्यवस्था मिलाइनेछ। सबै वडा कार्यालयमा मेलमिलप केन्द्र सञ्चालनमा ल्याइनेछ। मेलमिलाप केन्द्रलाई साधनस्रोत सम्पन्न गरिनेछ। न्यायिक कार्यसँग सम्बन्धित अभिलेखलाई व्यवस्थित बनाउदै अद्यावधिक गरिनेछ।

११९. गाउँपालिका अन्तर्गत संचालन हुने विभिन्न योजना तथा कार्यक्रमहरुमा पारदर्शिता र जवाफदेहिता कायम गर्न नियमित अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण लगायत स्थानीय संचार माध्यम र अन्य माध्यमहरु मार्फत सार्वजनिक गर्ने व्यवस्था गरिनेछ। सरकारी एवं गैरसरकारी क्षेत्रबाट गाउँपालिका क्षेत्रमा संचालन गरिएका योजना तथा कार्यक्रमहरुको प्रभावकारी नतिजामुखी अनुगमन मूल्यांकन प्रणाली विकास गरिनेछ। गाउँपालिकालाई कार्यक्षेत्र बनाई कार्यरत सबै गैरसरकारी संस्थाहरुलाई गाउँपालिकाको पूर्व सहमति र समन्वयमा कार्य गर्ने वातावरण निर्माण गरिनेछ। वडा तहमा कार्यक्रम गर्न जाँदा सम्बन्धित वडासँगको समन्वयलाई प्रभावकारी बनाइनेछ।

१२०. गाउँपालिका कार्यालय र वडा कार्यालयहरुमा नागरिक वडापत्र, सुझाव पेटिका, गाउँपालिका तथा सम्बन्धित वडाको कार्यक्रम तथा बजेटको होर्डिङ्ग बोर्ड, संचालित योजना स्थलहरुमा योजना सूचना बोर्ड राखि पारदर्शिता कायम गर्ने कार्यलाई निरन्तरता दिंदै प्रभावकारी बनाईनेछ।

१२१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवम् महालेखापरीक्षकको कार्यालयबाट समय समयमा जारी भएका सुझाव तथा निर्देशनहरूको गम्भिरतापूर्वक कार्यान्वयन गरिनेछ । सुशासन प्रवर्द्धन गर्दै भ्रष्टाचार नियन्त्रण गर्न उक्त सुझाव र निर्देशनहरूको आधारमा गाउँपालिका सम्वद्ध नीति, कानून, निर्देशिका, मापदण्डमा क्रमिक रूपमा आवश्यक परिमार्जन एवम् संशोधन गर्ने व्यवस्था मिलाइनेछ ।

१२२. गाउँपालिकाका नीति तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी तुल्याउन अनुगमन प्रणाली सुदृढ गरिनेछ । विकास निर्माण एवम् सेवा प्रवाहको एकीकृत विद्युतीय अभिलेखिकरण एवम् विद्युतीय अनुगमन प्रणालीको जडान गरी कार्यान्वयनमा ल्याइनेछ।

१२३. गाउँपालिका अन्तर्गत शान्ति, अमनचयन र नागरिकको जीउधनको सुरक्षाको निमित्त गाउँपालिका क्षेत्रभित्रका स्थानीय सुरक्षा निकायहरुलाई थप व्यवस्थित, क्रियाशिल र जनमुखी बनाइनेछ । पालिका भित्रका मुख्य बज़ार क्षेत्रमा CCTV जडान गरिनेछ । **"ज्यानको सुरक्षा धनको रक्षा"** नाराका साथ लागू औषध विरुद्धको सचेतना अभियान संचालन, लागू औषध उत्पादन, बिक्री वितरण, ओसारपसार तथा सेवनको नियन्त्रण गरिनेछ । समाजमा विद्यमान जुवातास, मदिरा, लागू औषध र अन्य अवैध क्रियाकलापहरुको निषेध, नियमन र नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ ।

अपिहिमाल गाउँ सभा खण्डेश्वरी, दार्चुला सुदूरपश्चिम, नेपाल

१२४. संघीय संरचनामा गाउँपालिकालाई प्राप्त अधिकारको सीमाभित्र रही तद्अनुरुपका कार्यहरु प्रभावकारी ढंगबाट सम्पादन गर्न, आवश्यक कानुनी एवम् संस्थागत पूर्वाधार तयार गर्दै, गाउँपालिका प्रति नागरिकको आस्था र विश्वास बढाउने उद्देश्य प्रस्तुत नीति तथा कार्यक्रमले राखेको छ । गाउँपालिका सरकारको वृहत्तर लक्ष्य, आवधिक योजना, क्षेत्रगत नीति, रणनीति समेतबाट निर्देशित हुँदै नागरिकका अपेक्षा, आवश्यकता, अधिकार र साधन स्रोतको सीमा तथा तीन तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ गर्दै यस नीति तथा कार्यक्रमलाई प्रभावकारी ढंगबाट कार्यान्वयनमा लगिनेछ । नीति तथा कार्यक्रम तयारीका विभिन्न चरणमा राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, विभिन्न पेशागत संघसंस्थाहरू एवम् आम जनताको तर्फबाट प्राप्त राय सुझाव ग्रहण गरी तयार भएको नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभा समक्ष प्रस्तुत गरिएको छ । यसको सफल कार्यान्वयनको लागि सम्बद्ध सबै पक्षको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । गाउँपालिकालाई सुन्दर समृद्ध र विकसित अपिहिमाल बनाउन तथा समग्र विकास र समृद्धिको यात्रामा नागरिकको सहभागिता, चासो र रचनात्मक सहयोगका लागि हार्दिक अपिल गर्दछु ।

१२५. अन्त्यमा, अपिहिमाल गाउँपालिकाको समग्र विकास, सुशासन, सेवा प्रवाह, पूर्वाधार निर्माण लगायतका कार्यमा प्रभावकारिता ल्याउँदै गाउँपालिकाप्रति नागरिकले भरोसा गर्न सक्ने दरिलो शासकीय अभ्यासको अभिष्ट पूरा गर्न सबैको साथ र सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राखेको छु । प्रस्तुत नीति तथा कार्यक्रमको तयारीका लागि आ-आफ्नो स्थानबाट योगदान गर्नुहुने गाउँपालिकाका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राजनीति दल, पेशाकर्मी, सरकारी तथा गैरसरकारी संघ संस्थाका पदाधिकारी, बैंक तथा वित्तीय क्षेत्र, सामुदायिक तथा सहकारी क्षेत्र, नागरिक समाज, उद्योग व्यवसायी, विकास साझेदार, मजुदर, किसान लगायत गाउँपालिकाबासी सम्पूर्ण दाजुभाई तथा दिदीबहिनी एवम् सम्बद्ध सबै महानुभावप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।।

सम्वत् २०८२ साल असार महीना ९ रोज२ शुभम्........................ ।